आज मिति २०७८ साल मंसिर ३० गते मंगलबारको दिन बेसीशहर नगरपालीकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा कार्यपालीकाको ६३ औं बैठक बसी तपसील बमोजिम उपस्थितिमा तपसिल बमोजिम छलफल एवं निर्णय गरीयो ।

उपस्थिती :

| | | |
|---|---|---|
| १. | प्रमुख | श्री गुमान सिंह अर्याल |
| २. | उप- प्रमुख | श्री लक्ष्मी देवी अधिकारी |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री बलराम श्रेष्ठ |
| ४. | " " " २ | श्री गणेश बहादुर कंडेल |
| ५. | " " " ३ | श्री सुर्य कुमार श्रेष्ठ |
| ६. | " " " ४ | श्री लालविर गुरुङ |
| ७. | " " " ५ | श्री बम बहादुर गुरुङ |
| ८. | " " " ६ | श्री भोज बहादुर रिमाल |
| ९. | " " " ७ | श्री गोविन्द बहादुर बस्नेत |
| १०. | " " " ८ | श्री पवित्रा थापा राना |
| ११. | " " " ९ | श्री शरद बराल |
| १२. | " " " १० | श्री पूर्ण बहादुर थापा |
| १३. | " " " ११ | श्री अच्युत बाबु वगाले |
| १४. | कार्यपालीका सदस्य | श्री विष्णु माया राना |
| १५. | " " | श्री मन्दिरा दनाई |
| १६. | " " | श्री देव बहादुर गहतराज |
| १७. | " " | श्री अजय मजाकोटी |
| १८. | " " | श्री मनमाया गुरुङ |
| १९. | " " | श्री दोज बहादुर खवास |
| २०. | " " | श्री कृष्ण नेपाली |
| २१. | " " | श्री आशा तामाङ |
| २२. | सदस्य सचिव | श्री पुष्पराज पौडेल |
| | सहजकर्ता कर्मचारी | |
| २३. | कार्यक्रम अधिकृत | श्री मैघेन्द्र पोखरेल |
| २४. | अधिकृत | श्री विमला गैह्रे |

***बैठकका प्रस्तावहरु***

१. लागत साझेदारीमा सडक ढलान तथा कालोपत्रेतर्फका योजनाहरुको सम्बन्धमा ।
२. डुम्रे बेसीशहर चामे सडक योजना कार्यालयबाट प्राप्त पत्र सम्बन्धमा ।
३. आवधिक योजना तर्जुमाको लागि निर्देशक समिति र सहजीकरण समिति गठन सम्बन्धमा ।
४. कृषि नर्सरी स्थापना गर्ने सम्बन्धमा ।
५. वडास्तरीय योजनाहरुको संशोधन तथा स्पष्ट पार्ने सम्बन्धमा ।
६. वडाबाट प्राप्त तथ्यांकको जानकारी गराउने सम्बन्धमा ।
७. पञ्जिकरणतर्फका कर्मचारीहरु र एक गाउँ एक प्राविधिकहरुको म्याद थप सम्बन्धमा ।
८. गैससको कार्यक्रम स्वीकृत सम्बन्धमा
९. घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।
१०. स्वास्थ्य विमा सम्बन्धमा
११. कन्टिन्जेन्सीबाट प्राप्त हुने रकम सम्बन्धमा ।
१२. पशु उपचारको भ्याक्सिन भण्डारण गर्न बजेट विनियोजन गर्ने सम्बन्धमा ।
१३. प्राविधिक कर्मचारीहरुलाई वडामा खटाउने सम्बन्धमा
१४. मध्य मर्स्याङ्दी जलविद्युत आयोजनाको माथिल्लो भागमा जम्मा भएको बालुवा सम्बन्धमा ।
१५. विविध
  - नगर प्रहरीको ट्र्याक सुट खरीद सम्बन्धमा ।
  - जरिबाना तोक्ने सम्बन्धमा ।
  - पुनः स्पष्टिकरण सोध्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं १ : लागत साझेदारीमा सडक ढलान तथा कालोपत्रेतर्फका योजनाहरुको सम्बन्धमा ।**

नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा चालु आवको सडक ढलान तथा कालोपत्रे कार्यक्रमतर्फ देहायका योजनाहरु छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो । साथै उक्त कार्यको लागि नगरसभाबाट विनियोजित बजेटबाट अपुग हुने रकम लागत साझेदारी (संघ तथा प्रदेश सरकार) शिर्षकबाट व्यहोर्ने साथै छनौट भएका योजनाहरुलाई १ (एक) महिनाभित्र संझौता गर्न आउने सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**(क)छनौट भएका योजनाहरु**

| क्र. सं | आयोजनाको नाम | वडा नं | कुल लागत इष्टिमेट रु. | नगरपालिकाबाट विनियोजित रु. |
|---|---|---|---|---|
| १ | मिलीजुलीटोल तमु संग्रहालयदेखि उद्योग वाणिज्य संघ जोड्ने सडक | ७ | १८२०८५६ | १०७६३६८ |
| २ | ठमेल मार्ग ढलान तथा कालोपत्रे | ८ | ४०४५८४.७ | २३९१६३.३७ |
| ३ | ठाडोलाइन मिलापको बंगुर पसलबाट भित्र जाने सडक ढलान | ८ | २७९७२७० | १६५३५५९ |
| ४ | झिंगेखोला हुँदै खा.पा.उपभोक्ता स.को कार्यालय जाने सडक | ८ | २११६५४९.१ | १२५११६२.०४ |
| ५ | मनाङेचौतारा तमु आमा समुह र जनचेतना आमा समुह जाने सडक | ७ | २१६२१४९ | १२७८११७ |
| | **जम्मा** | | ९३,०१,४०८.८ | ५४,९८,३६९.४१ |

ख)उपरोक्तानुसारका सडकहरुमा गठित उपभोक्ता समितिहरु १ महिना सम्म सम्झौता गर्न नआएमा वा कुनै कारणले संझौता हुन नसकेमा देहायका योजनाहरुलाई देहायको प्राथमिकतामा राखी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**(ख)प्राथमिकताक्रममा राखिएका योजनाहरु (वैकल्पिक)**

| क्र. सं | आयोजनाको नाम | वडा नं | कुल लागत इष्टिमेट | नगरपालिकाबाट विनियोजित रु. |
|---|---|---|---|---|
| १ | बेसीशहर चामे सडकदेखि सहजीको खुदी जाने पुरानो सडक कालोपत्रे | ७ | २२०२५७७ | १३०२०१६ |
| २ | सेरा लाल बहादुर श्रेष्ठको घरदेखि मंगलेको घरसम्म सडक कालोपत्रे | ८ | २८५८५७६ | १६८९७९८.९५ |
| ३ | जनविकास हाइस्कुल चोकदेखि पूर्वतर्फको सडक ढलान | ७ | ३४१९५७६ | २०२१४२४ |
| ४ | पल्लोटार देखि बयरटार सम्मको सडक कालोपत्रे | ११ | ५०७११२६ | २९९७७०९ |
| | **जम्मा** | | **१,३५,५१,८५५** | **८०,१०,९४७.९५** |

**निर्णय नं २ : डुम्रे बेसीशहर चामे सडक योजना कार्यालयबाट प्राप्त पत्र सम्बन्धमा ।**

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय डुम्रे बेसीशहर चामे सडक योजना कार्यालयको च.नं ६६, मिति २०७७।८।१५ प्राप्त पत्रानुसार बेसीशहर चामे सडक स्तरोन्नतिको लागिसडक संरचनाले मोटामोटी ९/१० मिटर चौडाई ओगट्ने र सडक सुधारको क्रममा घरटहराहरुको क्षतिपूर्तिको व्यवस्था रहेपनि जग्गाको लागि मुआब्जा/क्षतिपूर्ति दिन सकिने अवस्था नरहेको हुँदा पुल तथा सडक संरचनाले ओगट्ने आवश्यक जग्गाहरु विना मुआब्जा/क्षतिपुर्ति उपलब्ध हुने सुनिश्चितता सम्बन्धी पत्रको लागि अनुरोध भै आएको सम्बन्धमा छलफल हुँदा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) बेसीशहर चामे सडकको बेसीशहर नगरपालिका क्षेत्र भित्र मोटामोटी ९/१० मिटर चौडा कायम गरी सडक स्तरोन्नति गर्न विना मुआब्जा/क्षतिपुर्ति जग्गा उपलब्ध हुने सुनिश्चितता सम्बन्धी पत्र सो कार्यालयलाई उपलब्ध गराउने ।

(ख) सडक स्तरोन्नतिको कार्य द्रुत गतिमा अघि बढाउन अत्यन्त आवश्यक देखिएकोले नगरपालिकाको तर्फबाट आवश्यकतानुसार सहजीकरण तथा समन्वयको भूमिका निर्वाह गर्ने ।

(ग) डुम्रे बेसीशहर चामे सडक क्षेत्र अन्तर्गत वडा नं ७ र ८ पा पर्ने बेसीशहर बजारक्षेत्रलाई शहरी बस्ती क्षेत्र (built up area) घोषणा गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागमा अनुरोध गर्ने ।

**निर्णय नं ३ : आवधिक योजना तर्जुमाको लागि समिति गठन सम्बन्धमा ।**

चालु आव २०७७०७८मा बेसीशहर नगरपालिकाको आवधिक नगर विकास योजना निर्माण गर्ने लक्ष्य रहेको हुँदा यस कार्यलाई अघि बढाउने क्रममा आवधिक योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित र समग्र मार्गदर्शन गर्न देहाय वमोजिमको निर्देशक समिति तथा आवधिक योजना तर्जुमा प्रक्रियामा परामर्शदाताको कामलाई सहजीकरण गर्न देहाय वमोजिमको सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

**(क) आवधिक योजना तर्जुमा निर्देशक समिति**

संयोजक- श्री गुमानसिंह अर्याल, नगरप्रमुख

सदस्य- श्री लक्ष्मीदेवी अधिकारी, उपप्रमुख

सदस्य- श्री अजय मजाकोटी, संयोजक, पूर्वाधार विकास समिति

सदस्य- श्री मनमाया गुरुङ, संयोजक, आर्थिक विकास समिति

सदस्य- श्री देव बहादुर गहतराज, संयोजक, सामाजिक विकास समिति

सदस्य- श्री पुष्पराज पौडेल, प्रमुख प्रशासकीय अधिकृत

सदस्य- सचिव श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत

**(ख) आवधिक योजना तर्जुमा सहजीकरण समिति**

संयोजक- श्री पुष्पराज पौडेल, प्रमुख प्रशासकीय अधिकृत

सदस्य- श्री किसानराज चिलुवाल, शिक्षा शाखा प्रमुख

सदस्य- श्री सुर्यप्रसाद सेढाई कृषि शाखा प्रमुख

सदस्य- श्री सुशिला श्रेष्ठ, अधिकृत, राजश्व शाखा

सदस्य- श्री विशाल ढकाल, पूर्वाधार शाखा प्रमुख

सदस्य- सचिव श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत, सामाजिक विकास शाखा प्रमुख

**निर्णय नं ४ : कृषि नर्सरी स्थापना गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं २ को भकुण्डे, वडा नं ६ को चनौटे र वडा नं ११ चितीमा कृषि नर्सरी स्थापना गरी बेमौसमी तरकारीका विरुवा सुलभ मूल्यमा बिक्री वितरण गर्नका लागि प्रति नर्सरी रु ३०,०००।- का दरले हुने जम्मा रु. ९०,०००।- (नब्बे हजार मात्र) फुटकर शिर्षकबाट विनियोजन गर्ने साथै सो को लागि निवेदन पेश गर्ने सूचना जारी गरी प्राप्त निवेदनहरुमध्येबाट कृषि समितिले एक/एक जना कृषक छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : योजनाहरुको संशोधन सम्बन्धमा ।**

चालु आवका नगरसभा तथा कार्यपालिका बैठकबाट निर्णय भएका देहाय वमोजिमका योजनाहरु देहाय वमोजिम संशोधन एवम् परिमार्जन गर्ने निर्णय गरियो ।

| क .सं | साविक योजना/कार्यक्रमको नाम र ठेगाना | विनियोजित रकम रु | संशोधित योजनाको नाम र ठेगाना | विनियोजित रकम रु |
|---|---|---|---|---|
| १ | बेलौती विसौना झोलुंगे पुल सम्म मोटरबाटो स्तरोन्नति बेनपा ६ | २००००० | बेलौती बिसौना खोला तटबन्ध निर्माण बेनपा ६ | २००००० |
| २ | स्वास्थ्य सम्बन्धी कार्यक्रम बेनपा ४ | २००००० | स्वास्थ्य चौकी मर्मत बेनपा ४ | २००००० |
| ३ | शिक्षा सम्बन्धी कार्यक्रम बेनपा ४ | ३००००० | सेवा सदन माविमा मेसिनरी वाल बेनपा ४ | ३००००० |
| ४ | फोस्रे सामुदायिक भवन बेनपा ४ (नपा)<br>बुद्ध मिलन आमा समुह भवन कम्पाउण्डिङ बेनपा ४ (वडा) | ३०००००<br>२५०००० | बुद्ध मिलन आमा समुह भवन कम्पाउण्डिङ बेनपा ४ | ५५०००० |
| ५ | छाँगु चौतारा पुरानकोट सडक बेनपा ४ (नपा)<br>पुरानकोट छाँगुदेखि पुरानकोट गढीसम्म मोटरबाटो निर्माण (वडा) बेनपा ४ | ८०००००<br>३००००० | छागुदेखि चण्डी हुँदै पुरानोकोट गढीसम्म मोटरबाटो निर्माण बेनपा ४ | ११००००० |
| ६ | बालबालिका दिवा खाजा कार्यक्रम बेनपा १ | २००००० | श्री जनकल्याण मावि थप कक्षाकोठा निर्माण बेनपा १ | २००००० |
| ७ | जनचेतना आमा समुह भवन पहिरो नियन्त्रण बेनपा ७ | ५००००० | जनचेतना आमा समुह भवन तथा कम्पाउण्ड वाल निर्माण बेनपा ७ | ५००००० |
| ८ | सुनखोलादेखि खड्कागाउँसम्म सिंढी निर्माण बेनपा ७ | २००००० | सुनखोलादेखि खड्कागाउँसम्म बाटो ढलान बेनपा ७ | २००००० |
| ९ | मितेरी आमा समुह भवन निर्माण बेनपा १० घडेरी | २००००० | सातकन्या आमा समुह भवन निर्माण बेनपा १० घडेरी | २००००० |

**निर्णय नं ६ : वडास्तरीय तथ्यांकको सम्बन्धमा ।**

नगरपालिकाको बस्तुगत विवरण प्रकाशन गर्ने सम्बन्धमा वडास्तरीय रुपमा संकलन गरिएको तथ्यांकहरु यस कार्यपालिका बैठकमा जानकारी भयो साथै घरधुरी सर्वेक्षणबाट, वडास्तरबाट र शाखागत रुपमा प्राप्त तथ्यांकको सफ्ट कपि सवै वडाहरुमा पठाउने तथा वडाले तीन दिन भित्र केही संशोधन गर्नुपर्ने भए सुझाव सहित

नगरपालिकामा पठाउने र सो तथ्यांक समेत समेटी बेसीशहर नगरपालिकाको बस्तुगत विवरण (नगर प्रोफाइल) प्रकाशनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं ७ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा**

नगरपालिकामा करार सेवामा कार्यरत एक गाउँ एक प्राविधिकतर्फका कर्मचारीहरु र पञ्जिकरणतर्फका कर्मचारीरुको (अनुसूची १ संलग्न) म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०७८ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : गैससको कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

हायर ग्राउण्ड सामुदायिक विकास नेपाल नामक गैर सरकारी संस्थाले चालु आव २०७७०७८ मा यस बेसीशहर नगरपालिकामा शिक्षा क्षेत्रमा छात्रबृत्ति सेवा, विद्यालय सचेतना लगायतका कार्यक्रम सञ्चालन गर्नको लागि कार्यक्रम पेश गरेको सम्बन्धमा सो संस्थाले पेश गरेको कागजात समेतको आधारमा कार्यक्रम सञ्चालनको लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ९ : घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।**

प्रक्रिया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय :**

१. कृष्ण निर्माण सेवा बेसीशहर नगरपालिका ६ (प्रो.डिल बहादुर रिमाल)

**निर्णय नं १० : स्वास्थ्य विमा कार्यक्रममा आवश्यक सहयोग पुर्‍याउने सम्बन्धमा ।**

नेपाल सरकार स्वास्थ्य विमा बोर्ड शाखा कार्यालय कास्कीको च.नं ४५ मिति २०७७।८।२३ को प्राप्त पत्रानुसार लमजुङ जिल्ला र यस बेसीशहर नगरपालिकामा चालु आव २०७७/०७८ बाट स्वास्थ्य विमा कार्यक्रम सञ्चालन हुन लागेको सन्दर्भमा बैठकमा जानकारी हुनुको साथै यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि नगरपालिका तथा वडा कार्यालयहरु समेतबाट आवश्यक सहयोग पुर्‍याउने निर्णय गरियो ।

**निर्णय नं ११ : कन्टिन्जेन्सी योजना स्वीकृत गर्ने सम्बन्धमा**

बेसशहर नगरपालिकाको कार्यालयबाट सम्झौता भएका योजनाहरुबाट कन्टिन्जेन्सी वापत कट्टा गरिने २.५ प्रतिशत रकमबाट चालु आव २०७७०७८ को लागि देहाय वमोजिमको रकम देहाय अनुसारका शीर्षकमा खर्च गर्ने अख्तियारी दिने निर्णय  गरियो ।

देहाय

| क्र सं | विववरण | विनियोजित रकम रु | बजेट शिर्षक नं |
|---|---|---|---|
| १ | फिल्ड भत्ता | १२५००० | २११३३ |
| २ | योजनाहरुको सर्वे (पूँजीगत परामर्श) | १००००० | ३११३३ |
| ३ | सवारी साधन मर्मत | १००००० | २२२१३ |
| ४ | इन्धन | ७५००० | २२२१२ |
| ५ | मसलन्द | २००००० | २२३११ |
| ६ | पुस्तक तथा पत्रपत्रिका छपाई सूचना | २००००० | २२३१५ |
| ७ | अनुगमन तथा मूल्याङ्कन | १००००० | २२६११ |
| ८ | मेसिनरी औजार खरीद | १०००००० | ३११२२ |
| ९ | फर्निचर फिक्चर्स | १००००० | ३११२३ |
| | **जम्मा** | २०००००० | |

**निर्णय नं १२ : पशु उपचारको भ्याक्सिन भण्डारण गर्न बजेट विनियोजन गर्ने सम्बन्धमा ।**

नगरपालिकाको पशु सेवा शाखामा भ्याक्सिन भण्डारणको लागि फिज र औषधी राख्नको लागि दुई वटा र्‍याकहरु खरीद गर्न रु १००,००० (एक लाख मात्र) कन्टिन्जेन्सीतर्फको मेसिनरी औजार शीर्षकबाट व्यहोर्ने गरी खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : प्राविधिक कर्मचारीहरुलाई वडामा खटाउने सम्बन्धमा**

नगरपालिकाका प्राविधिक कर्मचारीहरु (सव इन्जियिनर र सहायक सव इन्जिनियर) हरुलाई दरबन्दी तेरिज अनुसार सम्वन्धित वडा कार्यालयहरुमा हाजिर हुने गरी खटाउने साथै वडामा आवश्यक पर्ने कम्प्युटर तथा प्रिन्टर मेसिनरी औजार शिर्षकबाट खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : मध्य मर्स्याङ्दी जलविद्युत आयोजनाको माथिल्लो भागमा जम्मा भएको बालुवा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका स्थित नेपाल विद्युत प्राधिकरण मध्य मर्स्याङ्दी जलविद्युत आयोजनाको जलाशय क्षेत्रमा थुप्रिन गएको बालुवा, गिटी ग्राभेल नगरपालिकाको तर्फबाट सूचना जारी गरी नियमानुसार बिक्री दस्तुर लिई हटाउनका निमित्त अनुमतिको लागि नेपाल विद्युत प्राधिकरण मध्य मर्स्याङ्दी जलविद्युत आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : विविध/नगर प्रहरीको पोशाक खरीद सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा कार्यरत नगर प्रहरीहरुको ट्र्याक सुट खरीदको लागि प्रति सेट रु १५००।-का दरले ९ सेट खरीद गर्दा भएको खर्च रु. १३५००।- पोशाक शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १६ : विविध/ जरिबाना तोक्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ वमोजिम दर्ता भएका उपभोक्ता समितिहरुहरुले तोकिएको म्याद भित्र नविरकरण गर्न नआएमा नविकरणमा लाग्ने दस्तुरको एक वर्षसम्म ५०% का दरले र सो भन्दा बढी अवधी भएमा १००% जरिबाना तोक्ने निर्णय गरियो ।

**निर्णय नं १७ : विविध/ पुनः स्पष्टीकरण सोध्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका र बैलल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको साझेदारीमा फोहरबाट ऊर्जा उत्पादन (waste to energy) कार्यक्रम सञ्चालन गर्ने क्रममा विस्तृत सम्भाव्यता अध्ययनको लागि छनौट भएको ईकोप्राइज वायो सोलुसन प्रा.लि. बालुवाटार काठमाण्डौले बेसीशहर नगरपालिकाको मिति २०७५।३।१ च.नं १८४४ को पत्र बुझी सो प्रतिवेदन पेश नगरेकोले यस सम्बन्धी कुनै पनि कार्य अघि बढ्न नसकेको र अन्य प्रवर्द्धक छनौट गरी कार्य गर्न समेत बाधा परेको हुँदा यस सम्बन्धमा मिति २०७६।१२।६ मा स्पष्टीकरण सोधिएको तर हालसम्म कुनै जवाफ प्राप्त नभएको हुँदा ७ दिनको म्याद राखी पुनः स्पष्टीकरण सोध्ने निर्णय गरियो ।

**अनूसची १**

**निर्णय नं ७ वमोजिम म्याद थप गरिएका कर्मचारीहरुको विवरण**

१. विरजंग गुरुङ- ना.प्रा.स.
२. लक्ष्मी रिमाल- ना.प्रा.स.
३. सुविन दुरा- ना.प्रा.स.
४. सुनिल घिमिरे- एम.आइ.एस. अपरेटर
५. संगिता घिमिरे- एम.आइ.एस. अपरेटर
६. सरला अधिकारी- एम.आइ. एस. फिल्ड सहायक